## मिति २०७८/०३/०९ गते बसेको नगर सभाको निर्णयहरु :

**निर्णय नं. १ :** आगामी आर्थिक वर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत भई सर्वसंवत रुपमा पारित भयो। साथै चालु आर्थिक बर्ष २०७७/७८ को जेष्ठ मसान्तसम्मको क्षेत्रगत/उपक्षेत्रगत तथा विषयगत रुपमा समीक्षा भई प्राप्त सुझाव तथा राय बमोजिम आगामी कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्ने।

**निर्णय नं २ :** आगामी आर्थिक वर्ष २०७८/७९ को आन्तरिक आय, करको दर तथा राजश्व संकलनको सम्बन्धी आर्थिक विधयेक, २०७८ पारित गरियो।

**निर्णय नं. ३ :** मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को यथार्थ खर्च, आर्थिक वर्ष २०७७/०७८ को संशोधित अनुमानित खर्च र आ.व. २०७८/०७९ को प्रस्तावित अनुमानित खर्चको वार्षिक आय व्यय अनुमान समेटिएको विनियोजन विधेयक, २०७८ तथा वार्षिक नगर विकास नीति, बजेट तथा कार्यक्रम स्वीकृति गर्ने।

**निर्णय नं. ४ :** मिति २०७८ साल आषाढ १ गते मेलम्ची तथा ईन्द्रावती नदीमा आएको भिषण बाढी तथा यसले पुर्याएको अल्कपनिय क्षतिका सम्वन्धमा आजको वैठकमा छलफल गरियो। उक्त बाढीबाट मृत्युबरण गर्नुभएका महानुभावहरुमा हार्दिक समवेदना व्यक्त गर्दै बाढीबाट पीडित नगरवासीहरुको राहत, उद्दार र पुर्नस्थापनामा गर्ने कार्यमा सहयोग पुर्याउनु हुने सम्पूर्णमा धन्यावाद ज्ञापन गर्ने तथा सो कार्यमा नगरपालिकाले पूर्ण रुपमा सहयोग गर्ने।

**निर्णय नं. ५ :** आ.व. २०७७/०७८ मा नगरपालिकाबाट बोलपत्र आह्वन भई सम्झौताको चरणमा रहेका तपसिलका आयोजनाहरु मिति २०७८ साल असार १ गते आएको बाढीका कारण पूर्ण क्षति भई हालको अवस्थामा कार्यान्वयन गर्न नसकिने भएकोले उक्त योजनाका बोलपत्रहरु रद्द गर्नका लागि विपद् व्यवस्थापन समिति तथा नगर कार्यपालिकाबाट सिफारिस भै आएको हुँदा खरिद प्रक्रियामा रहेका देहाय बमोजिमका योजनाको बोलपत्र रद्द गर्ने।

तपसिल

१. मेलम्ची बसपार्क निर्माण फेज ३, मेलम्ची नगरपालिका वडा नं. ११
२. मेलम्ची सिटि पार्क, मेलम्ची नगरपालिका वडा नं. १०
३. मेलम्ची स्वप्नसरोवर DPR निर्माण, मेलम्ची (EOI मूल्याङ्कनको चरणमा रहेको)
४. मेलम्ची मिनि पार्क, मेलम्ची नगरपालिका वडा नं. ११

**निर्णय नं. ६: "आफ्नो गाउँ आफै बनाउँ विशेष कार्यक्रम"** अन्तरगतका योजनाहरु सम्झौता भई निर्माणको चरणमा रहेको हुँदा देहायका योजनाहरुको सम्झौता अनुमोदन गर्ने।

तपसिल

| क्र.सं. | योजनाको विवरण | वडा नं. | बजेट रु. |
|---|---|---|---|
| १ | आफ्नो गाउँ आफ्नै बनाउँ विशेष कार्यक्रम | १ | १३७३८९० |
| २ | आफ्नो गाउँ आफ्नै बनाउँ विशेष कार्यक्रम | २ | ९००००० |
| ३ | पाटीचौर खेल मैदान निर्माण | ५ | ९००००० |
| ४ | घलेटोल भारतीथोक गोरेटोबाटो सिंडी तथा ठूलोचौर चौतारी निर्माण | ७ | ९००००० |
| ५ | ककेरा बस्ती चौतारी निर्माण | ११ | १५०००० |
| ६ | मेलम्ची टार पिपलबोट चौतारी निर्माण | ११ | १५०००० |
| ७ | कृष्ण मन्दिर बिसौना सिंडी निर्माण | ११ | ६००००० |

**निर्णय नं. ७:** आ.व. २०७७/०७८ मा ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा ढुङ्गा, गिटी बालुवाको बिक्री मार्फत आन्तरिक राजस्व संकलनको लागि काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वर स्थित तीनपिप्ले निर्माण सेवासंग ठेक्का सम्झौता गरिएकोमा नेपाल सररकार/ गृह मन्त्रालयको पत्र बमोजिम जिल्ला प्रशासन कार्यालय,

Scanned with CamScanner

सिन्धुपाल्चोकको च.नं. १४३१ मिति २०७७/०८/०३ को पत्रबाट मापदण्ड पूरा नगरेका क्रसर उद्योगहरु संचालन नगर्न लेखि आएको हुँदा मिति २०७७ साल मंसिर ५ गते देखि २५ गतेसम्म यस नगरपालिका भित्र संचालित सबै क्रसर उद्योगहरुको संचालन बन्द गरिएको र मिति २०७८ साल जेठ ९ गते देखि २०७८ जेठ २० गतेसम्म कोभिड-१९ को दोश्रो भेरियन्टको कारण छिमेकी पालिकाहरु मण्डनदेउपुर र शंखरपुर नगरपालिकामा समेत निषेधाज्ञा तथा सिल गरिएकोले उक्त अवधिमा प्रशोधित तथा अप्रशोधित नदीजन्य पदार्थको बिक्री नभएको र उक्त व्यहोरा उल्लेख गरी ठेकेदार श्री तीनपिप्ले निर्माण सेवाले मेलम्ची नगरपालिकामा सो अवधिमा संकलन गर्न नसकिएको राजस्व रकम छुटको लागि निवेदन पेश गरेको सन्दर्भमा नगर कार्यपालिकाबाट कार्यदल गठन भई उक्त कार्यदलले पेश गरेको प्रतिवेदन र राजस्व परामर्श समितिको सिफारिस बमोजिम प्रति दिन औसत रु. ५,४८,०१६।४४ का दरले बन्द तथा सिल गरिएको ३३ दिनको अवधिमा जम्मा रु. १,८०,८४,५४२।५२ (अक्षरुपी एक करोड असी लाख चौरासी हजार चार सय बाउन्न रुपैयाँ मात्र ) संकलन हुनुपर्नेमा सो अवधिमा उक्त निर्माण सेवाले मू.अ.क. बाहेक रु. ९४,३१,६३७।१६ (अक्षरुपी चौरानब्बे लाख एकतिस हजार छ सय सैंतिस रुपैयाँ पैसा सोह्र मात्र ) संकलन गरेको देखिन्छ । उक्त बन्द तथा निषेधाज्ञाको अवधिमा संकलन गर्न नसकिएको राजस्व रकम मू.अ.क. बाहेक रु. ८६,५२,९०५।३६ र उक्त अवधिमा संकलन भएको राजस्व रकमको १० प्रतिशत प्रशासनिक खर्च रु. ९,४३,१६३।७१ (अक्षरुपी नौ लाख त्रिचालिस हजार एक सय त्रिसठी रुपैयाँ पैसा एकहतर मात्र) गरी जम्मा रकम रु.९५,९६,०६९।०७ (पन्चानब्बे लाख छयानब्बे हजार उनान्सत्तरी रुपैयाँ पैसा सात मात्र) मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १६ तथा मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ को उपदफा (५) बमोजिम कार्यपालिकाबाट सिफारिस भए बमोजिम राजस्व छुट गर्ने ।

**निर्णय नं. ८ :** चालु आ.व २०७७/०७८ मा नगर सभा र नगर कार्यपालिकाबाट निर्णय भई सम्झौता भएका पूर्वाधार निर्माणका योजनाहरु कोरोना संक्रमण, मेलम्ची र इन्द्रावती खोलाबाट सिर्जित विपद् लगायतका विभिन्न कारणबाट चालु आ.व.मा सम्पन्न गर्न नसकिने अवस्था भएमा आगामी आ.व. २०७८/०७९ को पहिलो चौमासिक अवधिको ४ महिना (श्रावण, भाद्र, असोज र कार्तिक) सम्म सम्पन्न गर्ने गरी म्याद थप गरी सो अबधीमा कार्य सम्पन्न गराई भुक्तानी प्रकृया अगाडी बढाउने । साथै चालु आ.ब. मा नै कार्य सम्पन्न भई विविध कारणबाट भुक्तानी हुन नसक्ने भएमा त्यस्ता योजनाहरुको रकम भुक्तानीको लागि म.ले.प.फा.नं. १८ भरी आगामी आ.ब. २०७८/०८९ को कात्तिक महिना भित्र भुक्तानी दिने गरी जिम्मेवारी सार्ने।

**निर्णय नं. ९ :** मेलम्ची नगरपालिका भित्रको सिन्धुखोला नदी क्षेत्र र ढाँडखोला नदी क्षेत्रमा ढुङ्गा, गिटी बालुवाको बिक्री गरी आन्तरिक राजस्व संकलन गर्न उक्त क्षेत्रको संभाव्यता अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण गराई ठेक्का लगाउने।

**निर्णय नं. १० :** मेलम्ची नगरपालिका भित्र कानून बमोजिम संचालन भएका सहकारी संस्थाहरुमध्ये नगरपालिकाबाट प्रकाशित सूचनामा उल्लेखित मापदण्ड पुरा गरी रासायनिक मलखाद विक्री वितरण गर्न निवेदन पेश गरेका सबै सहकारी संस्थाहरुलाई रासायनिक मलखाद बिक्री वितरण गर्न अनूमति प्रदान गर्ने।

**निर्णय नं. ११** : यस नगरपालिकामा चालु आ.व. २०७७/०७८ आसार मसान्तसम्म कार्यरत स्थायी तथा अस्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. १२ :** नगर सभाले निर्णय गर्ने भनी प्रचलीत कानूनमा किटान भएका विषय बाहेक नीति कार्यक्रम, योजना, बजेट मापदण्ड, बजेट संशोधन (थपघट) र अत्यावश्यक बाधा अड्काउ फुकाउ सम्बन्धी कामको लागि तत्काल नगर सभाले बैठक बस्न नसक्ने भएमा त्यस्ता निर्णयहरु गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने।

**निर्णय नं. १३ :** नगरपालिका क्षेत्र भित्रका तपसिलका योजनाहरु बहुवर्षीय (क्रमागत) योजनाको रुपमा बजेट उपलब्धता भए अनुसार क्रमशः कार्यान्वयन गर्दै लैजाने।

Scanned with CamScanner

तपसिल

१. नगरपालिका भवन परिसर तथा कम्पाउण्ड निर्माण

२. नयाँ फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण

३. नगर चक्रपथ निर्माण/स्तरोन्नती

४. नगरपालिका प्रशासनिक कार्यालय भवन जोड्ने सडक

५. वडा नं.१, ३, ५, ८, १०,१२ र १३ को वडा कार्यालय भवन निर्माण

**निर्णय नं. १४ :** नगरपालिका कार्यालयमा बिभिन्न समयमा सेवा करारमा तथा ज्यालादारीमा सम्झौता गरी कामकाजमा लगाईएका कर्मचारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक खर्च अनुमोदन गर्ने ।

**निर्णय नं. १५ :** आ.व. २०७८/०७९ मा बजेट विनियोजित योजना कार्यान्वयन गर्दा कुनै एक महत्वपूर्ण योजनामा बढिमा २०% सम्म थप गर्दा कार्य सम्पन्न हुने र अर्को वर्ष बजेट आवश्यक नपर्ने अवस्था भएमा वडा समितिबाट निर्णय गराई शुरुमा लागत अनुमान गर्दा नै एकै पटक गरेर सम्झौता गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. १६ :** मिति २०७२ सालको भुकम्पबाट पूर्ण क्षति भएका भूकम्प पिडित लाभग्राही छनौट र निर्णय गर्न केहि कार्य अझै बाँकी रहेको देखिन आएको हुँदा आ.व. २०७८/०७९ मा समेत यस कार्यलाई निरन्तरता दिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने ।

**निर्णय नं. १७ :** नगरपालिका कार्यालयको जिन्सी निरीक्षण गराई प्रतिवेदन प्राप्त गरी सो प्रतिवेदनलाई प्रचलित कानून बमोजिम लिलाम, बिक्रि तथा मिनाहा गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

**निर्णय नं. १८ :** यस नगरपालिकाको स्वीकृत बजेट कार्यान्वयन गर्दा कट्टी भएको कन्टीन्जेन्सी रकमबाट विकास योजना तथा कार्यक्रमको अनुगमन, मुल्याङ्कन, दैनिक भ्रमण भत्ता खर्च, सवारी साधन भाडा तथा खरिद, फर्निचर, मेशिनरी औजार खरिद, कार्यालय सामान तथा आवश्यकता अनुसार विविध खर्च शीर्षकहरुमा खर्च गर्न सक्ने ।

**निर्णय नं. १९ :** नगर सभाबाट स्वीकृत भएको व्यय अनुमानको पुंजीगत खर्चको तपशिलमा उल्लेखित कोषहरुमा राखिएको रकमको परिचालनको लागि आवश्यकतानुसार कोष सञ्चालन कार्यविधि बनाइ कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

तपसिल

१. विपद व्यवस्थापन कोष

२. मर्मत संभार कोष

३. कर्मचारी कल्याण कोष

४. कृषि विकास कोष

५. पर्यटन विकास कोष

६. नगर शिक्षा कोष

७. वातावरण तथा फोहोरमैला व्यवस्थापन कोष

**निर्णय नं. २० :** मेलम्ची नगरपालिका र मातहतका वडा कार्यालयमा कार्यरत नियमित फिल्डमा काम गर्नु पर्ने ईन्जिनियरीङ तर्फका इन्जिनियर, सव इन्जिनियर, अ.स.इ. र अमिन पदमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप आर्थिक वर्षमा उपलब्ध गराएको आंशिक सुविधा कटौती गरी आगामी आर्थिक वर्षमा आवास, सञ्चार तथा फिल्ड सुविधा वापत खाइपाई आएको तलबमानको २५ प्रतिशत र नगरपालिकाको अन्य शाखा तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि आवास तथा सञ्चार वापत खाइपाइ आएको तलबमानको १५ प्रतिशतका दरले २०७८ साल श्रावण १ गते देखि लागु हुने गरी उपलब्ध गराउने ।

**निर्णय नं. २१ :** मेलम्ची नगरपालिकाका सम्पूर्ण नगरस्तरीय, वडास्तरीय तथा अन्य कुनै पनि योजना कार्यान्वयन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका यस नगरपालिकामा सूचीकृत रहेका बेरोजगारहरुको सूचीका कामदारलाई पहिलो प्राथमिकता दिई उक्त सूचीबाट जनशक्ति उपलब्ध नहुने भएमा मात्र अन्य कामदारबाट काम गराउने ।

Scanned with CamScanner

**निर्णय नं. २२ :** दैनिक कार्य संचालन तथा अत्यावश्यकीय कार्यहरु गर्नको लागि बाधा अड्चनहरु आइपरेमा तत्काल नगर कार्यपालिकाको बैठक बोलाउन सम्भव नभए नगर प्रमुखले बाधा अड्चनहरु फुकाई कार्य सञ्चालन गर्ने र त्यस्तो निर्णयहरुको अनुमोदन नगर कार्यपालिकाको बैठकबाट गर्नुपर्ने ।

**निर्णय नं. २३ :** मेलम्ची नगरपालिकाबाट स्वीकृत भएको वडालाई बाँडफाँट गरिएका वडास्तरीय योजना तथा कार्यक्रमहरु मध्य रु. ५ लाखसम्मका योजना तथा कार्यक्रमहरुलाई उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्नको लागि लागत अनुमान वडाबाट तयार गरी स्वीकृत गर्ने, उपभोक्ता समितिसँग सम्झौता गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने र कार्य सम्पन्न भएपछि नगर कार्यपालिकाबाट स्वीकृत चेक लिस्ट अनुसारका कागजातहरु वडा सचिव र वडा अध्यक्षबाट प्रमाणित गरी भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउने अधिकार वडा सचिवलाई प्रत्यायोजन गर्ने ।

**निर्णय नं. २४ :** वडा कार्यालयबाट सम्झौता गरी उपभोक्ता समिति मार्फत सञ्चालन हुने रु. ५ लाख सम्मको योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी लागत ईस्टीमेट तथा स्वीकृत नर्म्स बमोजिम कार्य भएको अवस्थामा भुक्तानीको लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गरी पठाउन देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने ।

तपसिल

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष | संयोजक |
| २. | कम्तीमा २ जना वडा सदस्य | सदस्य |
| ३. | वडामा कार्यरत सवइन्जिनियर असिन्टेन्ट ईन्जिनियर वा नगरपालिकाले तोकेको प्राविधिक | सदस्य |
| ४. | वडा सचिव | सदस्य सचिव |

(यस्तो अनुगमन समितिले योजना अनुगमन तथा मुल्याङ्कन गरी भुक्तानीको लागि कम्तीमा वडा अध्यक्ष सहित दुई जना जनप्रतिनिधि सहित बहुमत सदस्यले निर्णय गरेको हुनुपर्नेछ ।)

**निर्णय नं. २५ :** यस नगरपालिकामा महामारीको रुपमा कुनै रोग फैलिएको अवस्थामा तत्काल नियन्त्रण गर्नको लागि साधन स्रोतको आवश्यकता पर्ने हुँदा नगरपालिकामा स्वास्थ्य उपचार कोष स्थापना गरी सालबसाली बजेट व्यवस्था गर्दै जाने र महामारी फैलिएको अवस्थामा तत्काल नियन्त्रणका उपायहरु अपनाउने, साथै आर्थिक वर्ष २०७८/०७९ मा कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा रहेको रकमलाई सो प्रयोजनको लागि प्रयोग गर्ने ।

**निर्णय नं. २६ :** नगर सभाले आर्थिक वर्ष २०७७/०७८ का लागि स्वीकृत गरेका योजना तथा कार्यक्रम र नगर कार्यपालिकाको बैठकबाट निर्णय भएको संशोधन, भेरीयसन सहितको योजना तथा कार्यक्रमहरु र नेपाल सरकारबाट आ.व २०७७/०७८ का लागि विनियोजित सशर्त तथा थप बजेटको बाँडफाडको आधारमा नगर कार्यपालिका, नगर प्रमुखस्तर, उप प्रमुखस्तर, प्रमुख प्रशासकीय अधिकृतस्तर तथा नगर कार्यपालिकाको कार्यालयबाट भएको निर्णय, योजना तथा कार्यक्रमको कार्यन्वयनको विषय तथा सो बमोजिम भएको सम्पूर्ण खर्चलाई समर्थन तथा अनुमोदन गर्ने ।

**निर्णय नं. २७ :** विभिन्न संघ संस्थाहरुले आर्थिक वर्षको विचमा कुनै योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि अनुमति माग गरेमा नगर प्रमुखले स्वीकृति दिन सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं. २८ :** मेलम्ची नगरपालिकाले कानूनी सल्लाहकारको आवश्यकता महशुस गरी मिति २०७५/०६/२९ मा निर्णय भइ कानूनी सल्लाहकारको रुपमा काम गर्दै आउनुभएका अधिवक्ता श्री भेषराम ढकालको कामकाज सन्तोषजनक भएको र नगरपालिकालाई कानूनी सल्लाहकारको सेवा आवश्यकता पर्ने हुँदा हाल भएको सम्झौता बमोजिम सेवा सुविधा पाउने गरी सम्झौता बमोजिम कामकाज गर्ने गरी तपसिल बमोजिम २०७९ असार मसान्तसम्म करार सम्झौता थप गरी कानूनी सल्लाहकारको रुपमा कामकाजमा लगाउने ।

Scanned with CamScanner

**निर्णय नं. २९ :** मेलम्ची नगरपालिका र मातहतका कार्यालयमा हाल सेवा करारमा कार्यरत कर्मचारीलाई नेपाल सरकारबाट निजामती सेवाको समान पदमा उपलब्ध गराउने शुरु स्केलको तलब, सुविधा उपलब्ध गराउने गरी २०७८ श्रावण १ गते देखि २०७९ साल असार मसान्तसम्म पुनः एक वर्षका लागि सेवा करार म्याद थप गर्न सिफारिस गर्ने। कार्यबोझ र आवश्यकताको आधारमा कम्प्यूटर अपरेटर, कार्यालय सहयोगी, सरसफाई कर्मचारी, सुरक्षा गार्ड, प्राविधिक सेवाका कर्मचारी, कर संकलक तथा नगर रक्षकहरु सेवा करारमा लिई कामकाजमा लगाउन स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. ३० :** नगरपालिकाबाट आर्थिक सहायता, सानातिना अनुदान, चन्दा आदि वापत एक पटकमा बढीमा रु ५०००० (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) सम्मको रकम दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने, उपचार सहयोग, विज्ञापन सहयोग तथा खेलकुद सहयोग सम्बन्धी सहयोग वितरण कार्यविधि बनाई लागु गर्ने र आ.व २०७७/०७८ मा यसरी भएका खर्चहरु अनुमोदन गर्ने।

**निर्णय नं. ३१ :** नगर सभाबाट पारित विषयगत वा क्षेत्रगत बजेटलाई योजना/कार्यक्रम बनाई स्वीकृत गरी कार्यान्वयन तालिका बनाई कार्यान्वयन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने। साथै पूर्वाधार सम्बन्धी ठूला योजनाहरु अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन बमोजिमको खरिद प्रकृया अपनाई कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने ॥

**निर्णय नं. ३२ :** संघीय तथा प्रदेश सरकारबाट प्राप्त सर्शत तथा समपुरक अनुदान उपयोग गरी हुने केही कार्यहरु कार्यान्वयनका लागि बोलपत्र आह्वानपश्चात् प्राप्त अनुदान भन्दा कम रकममा संझौता भएको। त्यसरी बचत हुन गएको रकम परिचालन गरी पुनः बोलपत्र वा उपभोक्ता समिति मार्फत संझौता भई कार्य सम्पन्न भएका वा निर्माणाधिन सोही प्रकृतिका योजना तथा खर्च अनुमोदन गर्ने।

**निर्णय नं. ३३ :** विविध सार्वजनिक निर्माण तथा मर्मत संभार कोषबाट भएका खर्चहरु अनुमोदन गर्ने।

**निर्णय नं. ३४ :** २०७८ असार १ गतेको मेलम्ची र इन्द्रावती खोलमा आएको अकल्पनिय बाढीबाट जनधनको थप क्षति हुनबाट जोगाउन, विपद् व्यवस्थापन, यातायात सुचारु गर्ने लगायतका अत्यावश्यक कार्यहरु गर्दा भएका निर्माण तथा खरीदका कार्यहरु बाढी पहिरोले विशेष परिस्थिति सृजना भएको हुँदा नेपाल सरकारले जारी गरेको सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको विशेष परिस्थितिको खरिद सम्बन्धी व्यवस्था बमोजिम भएका खरिद एवम् छोटो अवधिको गरिएको खरिदका निर्णयहरु र खर्च कार्यपालिका मार्फत अनुमोदन गर्ने गरी कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने ।

**निर्णय नं. ३५ :** ईन्द्रावती र मेलम्ची नदीमा मिति २०७८ असार १ गते आएको बाढी पहिरो र संभावित थप दैवी प्रकोपको व्यवस्थापन तथा थप जोखिम न्यूनिकरण गर्न नदीको बहाबलाई जोखिम कम हुने स्थानबाट लैजानको लागि संभव भएसम्मका स्काभेटर र ट्रिपरहरु प्रयोग गर्ने र हालको विषम् परिस्थितमा स्काभेटरको भाडा प्रति घण्टा रु. मू.अ.कर सहित ५०००।– (अपरेटर खर्च र इन्धन खर्च सहित) र ट्रिपरको भाडा प्रति घण्टा रु. ३०००।– (ड्राइभर र इन्धन सहित) निर्धारण गर्ने र सोको अभिलेख राखी भुक्तानी गर्ने।

**निर्णय नं. ३६ :** मेलम्ची नगरपालिका वडा नं. ६ स्थित ठूलो खेत सिंचाई योजनाको नाम संशोधनको लागि सिफारिस भइ आएको हुँदा सिफारिस भए बमोजिम ठूलो खेत बाटो तथा सिंचाई कुलो निर्माण शिर्षकमा योजना संशोधन गर्ने।

**निर्णय नं. ३७ :** मिति २०७८ साल असार १ गते गएको बाढीबाट पूर्ण क्षेती भएका नगरपालिका भित्रका घर, संरचना र जग्गा जमिन तथा व्यवसायमा आ.व. २०७८/०७९ मा लाग्ने मालपोत, सम्पत्ति कर तथा व्यवसाय कर एकिन गरी मिनाहा गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

**निर्णय नं. ३८ :** मेलम्ची नगरपालिका भित्रको मेलम्ची तथा इन्द्रावती नदीको तल्लो तटिय क्षेत्रमा निर्माण हुँदै गरेका तर कार्य सम्पन्न हुन बाँकी योजनाहरु पूर्ण तथा आंशिक रुपमा क्षति भएकोले उक्त क्षेति भएका योजनाहरुको स्थलगत मुचुल्का उठाई मूल्याङ्कन गरी भुक्तानीका लागि सिफारिस गर्न गठित देहाय बमोजिमको **"नगरस्तरीय क्षेती मूल्याङ्कन तथा सिफारिस कार्यदल"** यथासक्य छिटो कार्यगरी प्रतिवेदन पेश गर्न निर्देशन दिने।

**तपसिल**

Scanned with CamScanner

१. मेलम्ची न.पा उपप्रमुख श्री भगवती नेपाल – संयोजक
२. सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
३. सम्बन्धित योजना हेर्ने इन्जिनियर – सदस्य
४. ईलाका प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि – सदस्य
५. योजना शाखा प्रमुख – सदस्य सचिव

**निर्णय नं. ३९ :** मेलम्ची नगरपालिकाको मुख्य प्रशासनीक भवनमा डिजिटलाईजेशनको कार्य गर्न मिति २०७७/०७/२४ गते कोरोना महामारीको कारण बजारमा सामाग्री अभाव हुन गई कार्य गर्न नसकेको भन्दै पेश भएको श्री नेशनल कम्प्यूटर वोल्ड, न्यूरोड, काठमाण्डौंको निवेदन बमोजिम २०७८ साल जेठ मसान्तसम्म म्याद थप गरिएकोमा उक्त निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ४० :** चालु आ.व. २०७७/०७८ मा वडाको बजेटबाट खर्च हुने गरी स्वीकृत भई पुन: संशोधनका लागि पेश भएका योजनाहरु अनुमोदन गर्ने ।

**निणर्य नं ४१ :** मेलम्ची नगरपालिका वडा नं १ स्थित श्री जागृत महिला बचत तथा ऋण सहकारी संस्था लि.बाट कम्प्यूटर र प्रिन्टर १/१ थान माग भई आएको सन्दर्भमा मिति २०७८ साल जेठ ३१ को टिप्पणी र आदेश बमोजिम महिला, बालबालिका तथा सामाजिक समवेशीकरण शाखाको कार्यक्रम अन्तर्गत आन्तरिक श्रोत तर्फको नगरस्तरीय महिला समूह, समिति र सहकारी संस्था बीच चौमासिक अन्तर्क्रिया कार्यक्रमबाट खर्च रकम व्यहोर्ने गरी उक्त प्रस्तावित कार्यक्रम स्वीकृत गर्ने ।

**निर्णय नं ४२ :** मेलम्ची र इन्द्रावती खोलामा मिति २०७८ साल असार १ गते गएको बाढीबाट सिर्जत क्षति न्यनीकरण तथा थप क्षति हुनबाट जोगाउन हेभि इक्यूप्मेण्ट (ट्रिपर र एक्जाभेटर) प्रयोग गर्नुपर्ने भएकाले उक्त कार्यको लागि २ दिने सूचना राष्ट्रिय दैनिक पत्रिका प्रकाशन गरी दरभाउपत्र माग गरिएकोमा उक्त मेसिन तथा औजारबाट इन्द्रावती तथा मेलम्ची खोला आसपासको बस्ति तथा जग्गामा थप क्षति हुनबाट जोगाउन र हेलम्बु सडक संचालन गर्न प्राविधिकको सिफारिसमा आवश्यक कार्य गर्ने ।

**निर्णय नं ४३ :** मेलम्ची बाढी पिडित राहत तथा पुनर्स्थापनाको कार्यलाई कार्यान्वयन तथा सहजीकरण गर्न नगरस्तरीय जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिले कार्यविधि बनाई लागु गर्न स्वीकृति दिने र उक्त कार्यविधि र सो बमोजिम भएका गरेका कार्य तथा खर्चको विवरण कार्यपालिका बैंठकबाट अनुमोदन गर्ने ।

**निर्णय नं ४४ :** मेलम्ची तथा इन्द्रावती खोलामा बाढीबाट नगरपालिकाको कृषि विकास शाखामा रहेको माटो परीक्षण ल्याब, केमिकल, कृषि सामाग्री तथा कार्यालय सामाग्रीहरु, आपतकालीन सेवा केन्द्रमा रहेको विपद् व्यवस्थापनका सामाग्रीहरु, राज मोटरसाईकल वर्कशपमा रहेको २ थान मोटरसाईकल (Black Winered /Engine No.: DHZWGB27364 Chasis No. MD2A11CZ1GWB15728, बा २ ब ४६८८, पल्सर १५० cc र Black Colour /Engine No.: KC12EECGK11487 Chasis No. MBLKC12EGCGK02181, १५० cc CBZ EXTREME बा ५३ प ९९६१ साविक बाँसवारी गा वि स) र मेलम्ची-११, गैह्रावगरमा रहेको आइशोलेशनका सामाग्रीहरु बाढीले पूर्ण रुपमा क्षति भएकाले उक्त सामाग्रीहरु स्थलगत प्रहरी मुचुल्का बनाई जिन्सी अभिलेखबाट कट्टा गर्ने ।

२०७८/३/१०

Scanned with CamScanner